विधेयक संख्या :

# प्रदेश सरकारको आर्थिक वर्ष २०७४/७५ को सार्वजनिक सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## प्रदेश सभा सचिवालय
## प्रदेश नं.४, पोखरा

**प्रदेश सरकारको आर्थिक वर्ष २०७४/७५ को सार्वजनिक सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावना:** आर्थिक वर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि प्रदेश नं.४ प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७४/७५ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७४/७५ को निमित्त अनुसूची —१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची —२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. १,०२,०५,००,०००/- (अक्षरेपी एक अर्ब दुई करोड पाँच लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/७५ को निमित्त अनुसूची —२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची —२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च तर्फ विनियोजित रकम विनियोजित रकम चालु खर्च शीर्षकतर्फ सार्न सकिने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ७०४३२ मा विनियोजन भएको रकम अनुदान संख्या ७०४२१ देखि ७०४३७ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. संघीय विनियोजन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले बाँडफाँट गरी निकासा भई आजका मितिसम्म खर्च भएको रकमलाई समेत यसै ऐन बमोजिमको शीर्षकगत रुपमा मिलान गरिएको छ ।

**अनुसूची — १**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधान बमोजिम**

**प्रदेश नं. ४ प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम**

**रु. हजारमा**

| १ | २ | | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | प्रदेश | अ.सं. | शीर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०४ | २१ | प्रदेश सभा सचिवालय - प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा | ३४५९ | ० | ० | ३४५९ |
| २ | ७०४ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय —अदालतको फैसला वा आदेशअनुसार तिर्नुपर्ने रकम | १०० | ० | ० | १०० |
| जम्मा | | | | ३५५९ | ० | ० | ३५५९ |

अनुसूची — २

(दफा २ सँग सम्बन्धित)

<u>प्रदेश नं. ४ प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम</u>

रु. हजारमा

| १ | २ | | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | प्रदेश | अ.सं. | शीर्षकको नाम | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०४ | २१ | प्रदेश सभा सचिवालय | ६६६३९ | ३३०४० | ० | ९९६७९ |
| २ | ७०४ | २३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ३३१० | ११७५ | ० | ४४८५ |
| ३ | ७०४ | ३१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४६४३९ | १८००० | ० | ६४४३९ |
| ४ | ७०४ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २२५३० | ७५६०० | ० | ९८१३० |
| ५ | ७०४ | ३३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३३८४५ | १२७०० | ० | ४६५४५ |
| ६ | ७०४ | ३४ | उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय | २७१४२ | ५६६०० | ० | ८३७४२ |
| ७ | ७०४ | ३५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २५९८६ | १४९६० | ० | ४०९४६ |
| ८ | ७०४ | ३६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २६७८५ | २२३८५० | ० | २५०६३५ |
| ९ | ७०४ | ३७ | सामाजिक विकास मन्त्रालय | ४३६७८ | २४२०० | ० | ६७८७८ |
| १० | ७०४ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय — अर्थ विविध | १८०४६२ | ८०००० | ० | २६०४६२ |
| | | जम्मा | | ४७६८१६ | ५४०१२५ | ० | १०१६९४१ |

प्रदेश सभाको सम्वत् २०७५ साल बैशाख २३ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको ब्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

नेत्रनाथ अधिकारी

सभामुख

प्रदेश नं ४

मिति :२०७४।०१।२४